## श्री जनसंख्या तथा वातावरण मन्त्रालय,सिंहदरवारमा पेश गरेको स्थलगत निरिक्षणको प्रतिवेदन ।

रिट निवेदक नारायण प्रसाद देवकोटा विपक्षी यस मन्त्रालय समेत भएको रिट निवेदनको सम्वन्धमा सम्मानित सर्वोच्च अदालतको फैशला बमोजिम रोडा ढुंगा, गिट्टीको संकलन तथा उत्खनन् एवं अनुगमन गर्नको लागि नेपाल सरकार माननिय मन्त्री स्तरीय निर्णयानुसार यस मन्त्रालयको वातावरण महाशाखाको प्रमुखको संयोजकत्वमा देहाय बमोजिमको प्राविधिक समिति गठन भएको ।

क) संयोजक, वातावरण महाशाखा, सहसचिव, जनसंख्या तथा वातावरण मन्त्रालय
ख) सदस्य, सि.डि.इ माइनिङ्ग, खानी तथा भूगर्भ विभाग
ग) सदस्य, जियोलोजिष्ट, खानी तथा भूगर्भ विभाग
घ) सदस्य, विभागीय प्रमुख, वातावरण विभाग,त्रि.वि
ङ) सदस्य  प्रतिनिधी,उपसचिव(प्रा.) बन तथा भूसंरक्षण मन्त्रालय
च) सदस्य-सचिव उपसचिव(कानुन) जनसंख्या तथा वातावरण मन्त्रालय

खानी तथा भूगर्भ विभागको प.सं ०७३।०७४ च.नं.२२ मिति २०७३।०४।०३ को पत्रबाट धादिङ्ग जिल्ला थाके गा.वि.स. अन्तरगतको श्री कुमारी माता रोडा ढुगां उद्योग प्रा.लिको  ढुंगा खानी उत्खनन् सम्वन्धमा कुमारीमाता  रोडा ढुंगा उद्योगबाट पेश भएको  IEE प्रतिवेदन स्वीकृतिको लागि सिफारिश गरी पठाएको व्यहोरा उल्लेख गरिएको पत्र प्राविधिक समिति समक्ष पेश हुन आएको ।

प्राविधिक समितिको मिति २०७३।०४।१४ गते बसेको वैठकले समितिका सदस्यहरुबाट देहायका विषयमा केन्द्रित रही निरिक्षण गर्ने कार्यक्रम तय भएको ।

- हाल प्रस्ताव गरिएको स्थान नेपाल सरकारले रोडा ढुंगा खानी लगायतका उद्योगको लागि तोकेको मापदण्ड भित्र पर्छ वा पर्दैन सोको अध्ययन गर्ने
- उक्त उद्योग स्थापना गरी सञ्चालन गर्दा त्यसबाट उल्लेखनिय रुपमा वातावरणीय प्रभाव पर्न सक्छ वा सक्दैन स्थानीय रुपमा छलफल समेत गरी आफ्नो राय सुझाव सहितको स्थलगत प्रतिवेदन पेश गर्ने ।

समितिको निर्णय बमोजिम समितिका सदस्य तथा अन्य कर्मचारीहरुबाट मिति २०७३।०४।१६ उद्योग सञ्चालनको लागि प्रस्ताव गरिएको स्थानको स्थलगत अध्ययन गर्दा देहाय बमोजिम भएको पाइयो :-

- उक्त ढुंगा खानी उद्योग रहन प्रस्ताव गरिएको स्थान धादिङ्ग जिल्ला थाके गा.वि.स. वडा नं ३ अन्तरगत पृथ्वी राजमार्गको नौविसे मुग्लिङ्ग सडक खण्ड अन्तरगत धार्के सात किलोबाट करिव

२.५ कि.मि दक्षिण पश्चिम तर्फ निवेदकहरुको स्वामित्व रहेको जग्गामा स्थापना गर्न खोजिएको पाइयो ।





- सो उद्योगले स्थापना गरी सञ्चालन गर्न प्रस्ताव गरिएको स्थान राजमार्गबाट करिव दुई कि.मि भन्दा बढीको दुरीमा रहेको पाइयो ।
- सो स्थानको वायाँ तर्फ केही मकै खेती लगाइएको कृषियोग्य जमिन तथा बोट विरुवा तथा सानो खोल्ची समेत रहेको  पाइयो ।





- सो स्थानको माथिल्लो भागमा साविकमा पाँच वटा घर रहेकोमा २०७२ साल वैसाख १२ गतेको महाभूकम्पबाट ती घरहरु भत्किएकोले हाल त्यसमा बसोवास गर्दै आएका मानिसहरु ससाना

छाप्रो बनाई बसेको र उद्योग सञ्चालन पश्चात आफुहरुले अन्यत्र बसोवास गर्ने गरी उद्योग सञ्चालकलाई मञ्जुरीनामा दिइसकेको जानकारी उद्योग प्रभावित क्षेत्रमा भेटिएका धादिङ्ग जिल्ला थाके गा.वि.स. वडा नं ४ बस्ने नर बहादुर प्रजाको नाति थिमी प्रजाको छोरा सिताराम प्रजाबाट जानकारी प्राप्त हुन आएको ।

- उक्त स्थान राजमार्ग, खोला, विद्यालय, स्वास्थ्य चौकी लगायतका स्थानबाट ५०० मिटर भन्दा टाढा रहनुका साथै नेपाल सरकारले तोकेको अन्य मापदण्डहरु पुरा भएको पाइयो ।

**समितिको निश्कर्ष एवं सुझावहरुः**

खानी तथा भूगर्भ विभागबाट आइ.इ.ई प्रतिवेदन स्वीकृतिको लागि पेश हुन आएको फाइलमा संलग्न कागजातहरुको अध्ययन तथा ढुंगा खानी उद्योग स्थापना गर्न प्रस्ताव गरिएको ठाँउमा गरिएको स्थलगत निरिक्षण तथा उद्योग सञ्चालकसँग गरिएको कुराकानीको आधारमा देहाय बमोजिम हुनको लागि सुझाव पेश गरेका छौ :-

- पेश भएको IEE प्रतिवेदन एवं खानी तथा भूगर्भ विभागको प्रतिवेदनमा प्रस्तावित ढुंगा खानीमा मार्वल रहेको उल्लेख भएको तथा यस स्थलगत अध्ययनमा समेत मूख्य स्रोत रहेको देखिएको र अन्य चट्टान मार्वल र Met sand Stone रहेको देखिन्छ । तसर्थ मार्वललाई साधारण निर्माणमुखी ढुङ्गाको रुपमा प्रयोग गर्नुपूर्व यसको (Marble) को Quality र cement grade भए नभएको. वारेमा IEE प्रतिवेदन स्वीकृति हुनुपूर्व सम्वन्धित निकायबाट एकिन हुनुपर्ने देखिएको ।
- प्रस्तावित उद्योग सञ्चालनको लागि तय भएको स्थानको वाँया तर्फ पानी वग्दै गरेको खोल्सी रहेको देखिदा त्यसलाई कुनै असर नपर्ने गरी संरक्षणको उपाय अपनाउनु पर्ने देखिएको ।
- प्रस्तावित स्थानको माथिल्लो भागमा हाल केही घरहरु रहेको देखिदा प्रस्तावित उद्योग सञ्चालनको क्रममा ती घरहरुमा असर पुग्न सक्ने देखिदा उद्योग सञ्चालकबाट ती घरहरुको उचित व्यवस्थापन गरिनु पर्ने ।
- माथि उल्लेखित अवस्थाहरु बाहेक प्रस्तावित उद्योग प्रा.लिले उद्योग स्थापना गर्न प्रस्ताव गरेको स्थान नेपाल सरकारले क्रसर उद्योगको लागि निर्धारण गरेको अन्य सवै मापदण्ड पुरा गरेको पाइएको ।

**प्रतिवेदकहरु**

| | |
|---|---|
| ........................... | ..................................... |
| दिनेश नापित | पुरुषोत्तम नेपाल |
| सि.डि.जियोलोजिष्ट | उपसचिव(कानुन) |
| खानी तथा भूर्गभ विभाग | जनसंख्या तथा वातावरण मन्त्रालय |